# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०७६/०७७
च.नं.:

मिति :२०७६-११-११

**विषय : सुचना**

धनगढी उप-महानगरपालिकाको आ.व.२०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरुमा कृषकहरुलाई अनुदान दिने कार्यक्रम रहेको हुदा अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी (२०७६ आषाढ मसान्त सम्म दर्ता/नबिकरण भएका) हरुले सुचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७६।१२।१०गते)) भित्र तपसिल अनुसारका कागजाँत सहित धनगढी उप–महानगरपालिका नगर कार्यपालिकाको कार्यालय ( कृषि बिकास शाखा) मा निबेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा कागजाँत नपुग भएको निवेदन मान्य हुने छैन ।

तपसिल

१) साना सिचाई सहयोग कार्यक्रम–कुलो मर्मत, प्लाष्टिक/सिमेण्ट पोखरी निर्माण, थोपा सिचाई, सोलार पम्प, लिफ्ट सिचाई र स्यालो ट्युवेल आदी (कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुका लागि)

६) यान्त्रिकिकरण सहयोग कार्यक्रम–जग्गा तयारी, रोपाई, गोडमेल, कटानी आदी कृषि कार्यका लागि प्रयोग हुने मेशनरी औजार उपकरणमा सहयोग (कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुका लागि)

..............................

(नारायण प्रसाद सापकोटा)

प्रमुख प्रशासकीय अधिकृत

आवश्यक काँगजातहरु

१) निबेदन फाराम

२) कृषक समुह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्र

३) अनुमानित लागत अनुमान

४) कृषक समुह/सहकारीको निर्णयको फोटोकपी (सदस्यहरुबाट ब्यक्ति तोक्ने, बोरडि गर्ने जग्गा तोक्ने र रकम ब्यहोर्ने)

५) निबेदन दर्ता गराउन वडा कार्यालयको सिफारिस

६) जग्गा धनीको नागरिकता प्रमाणपत्रको फोटोकपी

७)जग्गाधनी प्रमाण पुर्जा/जग्गा भाडामा लिएको संम्झौता/वडा कार्यालयको सिफारिसको फोटोकपी ( कृषक/कृषि फर्म/कृषि उद्यमीको लागि कम्तीमा १ बिगाहा र कृषक समुह/सहकारीको लागि कम्तीमा ३ बिगाहा)

८) तोकिएको ब्यक्तिको नागरिकता प्रमाणपत्रको फोटोकपी र फोटो

९) कृषि फर्म/कृषि उद्यमीको लागि धनगढी उ.म.न.पा.मा ब्यबसाय दर्ता गरेको प्रमाण पत्र र स्थायी लेखा नं. को फोटोकपी ।

**बिस्तृत जानकारीको लागि धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।**

**फोन नं. ०९१ ५२५०५९**

प्रमुख प्रशासकीय अधिकृत